नगर कार्यपालिकाको
बैठक संख्या: ४७, २०७९-२०८४
मिति २०८१/०६/१४ को
निर्णय प्रमाणित ...........

**कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ४७, २०७९-२०८४)**

मिति : २०८१ असोज १४ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिका क्षेत्र भित्र भवन निर्माण स्वीकृति प्रक्रियामा उर्जा प्रभावकारिता समेत कायम गरी पर्यावरण मैत्री भवन निर्माणका लागि "उर्जा प्रभावकारी भवन निर्माण स्वीकृति सम्बन्धी कार्यबिधी, २०८१" स्वीकृत गर्ने ।

३. कोहलपुर नगरपालिकाको सडक फुटपाथ निर्माणका लागि ठेक्का सम्झौता भएको ठेक्का नं. BANKE/KOMUN/W/NCB/08/2080/081 को म्याद २०८१ भदौ १५ सम्म थप गर्ने ।

४. यस नगरपालिका अन्तर्गत रहेका देहायका समितिहरुको विभिन्न मितिको निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने ।
क) आर्थिक विकास समितिको मिति २०८१ असोज ११ गतेको बैठकको निर्णयहरु
ख) बसपार्क व्यवस्थापन समितिको मिति २०८१ असोज ११ गतेको बैठकको निर्णयहरु ।
ग) विपत व्यवस्थापन समितिको मिति २०८१ असोज ११ गतेको बैठकको निर्णयहरु ।

५. यस नगरपालिकामा "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र पाउँ भनी निवेदन पेश गरी प्रक्रिया पुरा गरेका एन.एस. सोलार एण्ड कन्सट्रक्सन प्रा.लि., कोहलपुर ११ लाई "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र प्रदान गर्ने ।

६. कोहलपुर नगरपालिका वडा नं. २ मा ठाउँसारी भई आउनका लागि आवश्यक कागजातसहित नन्द जयन्ती मेममोरियल कन्स्ट्रक्सन प्रा.लि.का सञ्चालक ललित घर्तिले निवेदन दिनुभएको र निजले काठमाडौं महानगरपालिका वडा नं. १० बाट "घ" वर्गको ठेक्कापट्टा सम्बन्धी कामकाज गर्ने इजाजत पत्र लिनुभएको र उक्त वडाबाट सम्पूर्ण कागजात सहित ठाउँसारी भई आएकोले नियमानुसार कोहलपुर नगरपालिका वडा नं. २ मा ठाउँसारीका लागि अनुमति दिने ।

७. कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाँकेलाई विपक्षी बनाई दायर हुने मुद्दाहरुमा कार्यालयको तर्फबाट प्रतिरक्षा गर्न एवं लिखित जवाफ पेश गर्न र पुनरावेदन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत श्री मान बहादुर गिरीलाई कार्यादेश दिने।

८. यस नगरपालिकाको कानूनी सल्लाह एवं परामर्शको लागी कोहलपुर नगरपालिका वडा नं. १० स्थित नेशनल ल फार्म एण्ड इन्भेष्टिगेसन सेन्टरका प्रोपराइटर श्री कर्ण बहादुर के.सी. सँग विगतका

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ४७, २०७९-२०८४
मिति २०८१/०६/१४ को
निर्णय प्रमाणित ..........

आ.ब.हरु देखि सम्झौता भई कार्य सम्पादन भईरहेकोमा चालु आ.ब. को २०८१/०४/०१ गतेदेखि २०८२ असार मसान्त सम्मका लागी आ.ब. २०८०/०८१ बमोजिम सेवा सुविधामा निरन्तरता हुने गरी करार सम्झौता गरी सेवा परामर्श खर्च शीर्षकबाट भुक्तानी दिने ।

९. ठुला विद्यालय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत स्थानीय तहसँगको साझेदारीमा प्रदेशबाट श्री लक्ष्मी मा.बि. कोहलपुर २ का लागि चालु आ.ब. २०८१/०८२ मा रु.१ करोड बजेट विनियोजन भएकाले यस नगरपालिकाबाट २०% ले हुन आउने रकम रु. २५ लाख समपुरक कोषबाट व्यहोर्ने र सो को सुनिश्चितता पत्र सम्बन्धित निकायलाई उपलब्ध गराउने ।

१०. कोहलपुर नगरपालिका वडा नं. ५ श्रीनगर शान्ति टोल सडक मर्मत उपभोक्ता समिति, कोहलपुर ५ बाँकेको आ.ब. २०८०/०८१ को नगरपालिका तर्फबाट ब्यहोर्नपर्ने रकम रु.३,२०,०००।- दायित्वमा छुट हुन गएकाले दायित्वको ,अनुसूची ४ को सि.नं. ४२ र ४४ को बचत रकमबाट हाललाई भुक्तानी दिई आगामी नगरसभाबाट अनुमोदन गराउने ।

११. चालु आ.ब. को बजेट, नीति तथा कार्यक्रम पुस्तिकाको सि.नं. १११ क्याम्पस, पुस्तकालय, विद्यालय पूर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि कार्यक्रम शीर्षकबाट श्री कृष्ण मा.बि., कोहलपुर १, कौशिलानगरलाई रु.५(पाँच) लाख बराबरको बेन्च डेस्क खरिद गरी हस्तान्तरण गर्ने

१२. यस नगरपालिकाको पशु बिमा कार्यक्रम सञ्चालन कार्यबिधी, २०७८ मा संशोधन गरी स्वीकृत गर्ने।

१३. महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रोत्साहन सम्बन्धी कार्यबिधी, २०८१ स्वीकृत गर्ने ।

१४. कोहलपुर नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक र कर्मचारीहरुको निशर्त अनुदान तर्फ श्रावण, भदौ र असोज महिनाको तलव भत्ता र चाडपर्व समेत गरी रकम रु १५१,६२,८८२ भुक्तानीका लागी पेश भएकोमा हाल राजस्व बाँडफाँड - स्थानीय तर्फ घरजग्गा - रजिष्ट्रेशन दस्तुर वापतको रकम मालपोत कार्यालय, कोहलपुरवाट आई नसकेकाले अपुग रकम हाललाई म्याचिंग फण्डवाट भुक्तानी गर्ने।

१५. यस नगरपालिका भित्र स्वास्थ्य संस्था सञ्चालन अनुमति एवं नवीकरण सम्बन्धमा कोहलपुर नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण निर्देशिका (पहिलो संशोधन) २०७८ बमोजिम गठन भएको प्राबिधिक समितिबाट प्राप्त प्रतिवेदन बमोजिम देहाय बमोजिम स्वास्थ्य संस्थाहरुलाई नयाँ दर्ताका लागि १(एक) वर्ष अवधि कायम हुने गरी सञ्चालन अनुमति प्रदान एवं नवीकरण गर्ने ।

| सि.नं. | स्वास्थ्य संस्थाको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | अमित मेमोरियल अस्पताल, कोहलपुर ११, बाँके | नयाँ दर्ता |

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४७, २०७९-२०८४
मिति २०८१/०६/१४ को
निर्णय प्रमाणित ..........

| | | |
|---|---|---|
| २ | जिवन ज्योति पब्लिक अस्पताल प्रा.लि., कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| ३ | रामदेव डेन्टल क्लिनिक, कोहलपुर ११, बाँके | नयाँ दर्ता |
| ४ | बिट्स अर्टिजम केयर सेन्टर, कोहलपुर ११, बाँके | नयाँ दर्ता |

१६. कोहलपुर नगरपालिका अन्तर्गत नगर स्वास्थ्य प्रबर्द्धन केन्द्रको बर्थिङ सेन्टरमा अ.न.मि. पदमा कार्यरत कर्मचारीले पेश गरेको राजिनामा स्वीकृत भई पद रिक्त रहेकाले कोहलपुर नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन कार्यबिधी, २०७५ बमोजिम करारमा पदपूर्ति गर्ने ।

१७. चालु आ.ब. २०८१/०८२ को नीति कार्यक्रम तथा बजेट पुस्तिकाको अनुसूची ३ मा आ.ब. २०८०/०८१ को पुँजिगत तर्फ भुक्तानी दिन बाँकी दायित्व तर्फको वडा नं. १ मा सडक बत्ति जडान शीर्षक हुनुपर्नेमा वडा नं. १ विद्युत पोल स्थानान्तरण हुन गएको हुँदा उक्त शीर्षक संशोधन गरी वडा नं. १ मा सडक बत्ति जडान शीर्षकमा भुक्तानी दिने ।

१८. कोहलपुर नगर खेलकुद विकास समितिका संयोजक श्री बुद्धि बहादुर थापा मगरले व्यक्तिगत कारण देखाई मिति २०८१/०६/१४ गते राजिनामा पेश गरेकोले निजले पेश गरेको राजिनामा स्वीकृत गरी उक्त पदमा कोहलपुर नगरपालिका वडा नं. २ निवासी श्री चक्र बहादुर चिमाला (क्षेत्री) लाई नियुक्त गर्ने ।

१९. सुशिल कोइराला मेमोरियल यु १९ महिला राष्ट्रिय टि २० क्रिकेट च्याम्पियनशिप २०८० को आयोजकलाई अपुग रकम पाउँ भनी निवेदन पेश गरेकोमा रु.७,६४,१५५।- खेलकुद प्रबर्धन कार्यक्रम शीर्षकबाट भुक्तानी दिई आगामी नगरसभाबाट अनुमोदन गराउने।

२०. कोहलपुर नगरपालिका वडा नं. १० निवासी श्री पुतली देवि भण्डारीलाई कोहलपुर नगर प्रहरीको गाडीले ठक्कर दिई चोटपटक लागी उपचार भईरहेकोमा संलग्न बील भरपाई बमोजिम हालसम्मको उपचार खर्च वापत रु.२,१४,९१९।- अन्य सामाजिक सहायता शीर्षकबाट भुक्तानी दिने ।

२१. सामाजिक विकास समितिको मिति २०८१ असोजको १३ गतेको निर्णयहरु अनुमोदन गर्ने । साथै आ.ब. २०८१/०८२ का लागि क्षयरोगमूक्त अभियानको बजेट तथा कार्यक्रम ब्रेकडाउन स्वीकृत गर्ने।

२२. कोहलपुर नगरपालिका अन्तर्गत स्वास्थ्य सेवा तर्फ प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता बापत नेपाल सरकारको निर्देशन र कार्यालयको आन्तरिक आयको अवस्था समेतलाई मध्यनजर गरी १५ प्रतिशत जोखिम भत्ता उपलब्ध गराउँदै आइएको कार्यलाई निरन्तरता दिंदै चालु आ.ब. देखि रेडियोग्राफर श्री मिलन शाही र ल्याब असिष्टेण्ट बबिता के.सी. समेतलाई उपलब्ध गराउने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४७, २०७९-२०८४
मिति २०८१/०६/१४ को
निर्णय प्रमाणित ...

२३. यस नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको लागी आवास प्रयोजनार्थ श्री सत्यदेवी पाण्डे(जैसी)को कोहलपुर नगरपालिका वडा नं. ११ स्थित घरमा मासिक रु.१८,०००।- मा नबढने गरी बहाल सम्झौता गरी यस नगरपालिका अन्तर्गत मेडिकल अधिकृत पदमा कार्यरत कर्मचारीहरुलाई सम्झौता बमोजिमको घरको फ्लाट प्रयोगका लागि उपलब्ध गराउने । सो का लागि कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यबिधी(खर्च मापदण्ड नियमित गर्ने), नियमावली २०७९ संशोधन गर्ने ।

२४. यस नगरपालिका अन्तर्गत नगर अस्पतालमा मेडिकल अधिकृत पदमा कार्यरत डा. आनन्द कुमार चोरवारले कार्यालयको कामकाजमा असर नपर्ने गरी नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा कामकाज गर्न अनुमतीका लागि दिएको निवेदन उपर छलफल हुँदा निजलाई कार्यालयको कामकाजमा बाधा नपर्ने गरी कार्यालय समयभन्दा अघि वा पछिको समयमा कामकाज गर्न स्वीकृति प्रदान गर्ने ।

२५. कोहलपुर नगरपालिका वडा नं. ११ बस्ने सुनपुरी बि.क. न्युन दृष्टि अपाङ्गता भएको व्यक्ति भएको एवं आर्थिक अवस्था समेत कमजोर समेत रहेको हुँदा निजको उच्च शिक्षा प्रयोजनका लागि यस कार्यालयमा मौज्दात रहेको १(एक) थान ल्यापटप निजलाई हस्तान्तरण गरी लगत कट्टा गर्ने।

२६. कोहलपुर बृहत शहरी खानेपानी उपभोक्ता संस्थाबाट कोहलपुर न.पा. वडा नं. १२ स्थित श्री दलित हित मध्यवर्ती सामुदायिक वन क्षेत्रभित्र निर्माण हुने खानेपानी संरचनाको कूल लागत अनुमानको १% रकम समपुरक कोषबाट उपलब्ध गराउने ।

२७. कोहलपुर बृहत शहरी खानेपानी उपभोक्ता संस्थाले वडा नं. १२ र १३ मा खानेपानी सहजरुपमा उपलब्ध गराउने उद्देश्यले वडा नं. १२ स्थित श्री दलित हित मध्यवर्ती सामुदायिक वन क्षेत्र भित्र दक्षिण तर्फ शहिद मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिको सिमाना, पूर्व तर्फ दलित हित सामुदायिक वन उपभोक्ता समितिको क्षेत्र, उत्तरमा बस्ति रहेको चार किल्ला भित्र पर्ने अं. ५(पाँच) कठ्ठा जग्गा भोगचलनका लागि उपलब्धताका लागि आवश्यक प्रक्रिया अगाडी बढाईदिन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

२८. ईलाका प्रहरी कार्यालय, कोहलपुरको हाताभित्र भवन निर्माण हुन लागेकोमा मालपोत तथा नक्सा पास राजस्व छुटका लागि पत्र प्राप्त भएकोमा उक्त भवन निर्माण हुने जग्गाको मालपोत रकम एवं भवनको नक्सापास राजस्व छुट गर्ने ।

२९. प्रगतिनगर दुर्गा मन्दिर देखि दक्षिण सिद्धार्थ मा वि रझेना सम्म सडक स्तरउन्नती कार्यका लागि तयार भएको प्राविधिक लागत अनुमानका आधारमा अपुग हुने रकम नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४७, २०७९-२०८४
मिति २०८१/०६/१४ को
निर्णय प्रमाणित ..........

३०. सिर्जना टोलको नहर देखि बौद्ध बिहार हुँदै ८ नं वडाको सिमाना र बैजनाथ गाँउ हुँदै ७ नं वडा जाने बाटो स्तरउन्नती कार्यका लागि तयार भएको प्राविधिक लागत अनुमानका आधारमा अपुग हुने रकम नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने ।

३१. कोहलपुर नगरपालिका वडा नं २ बबुरको बोट कल्भर्टबाट लक्ष्मी मा वि स्कुलको दक्षिण पट्टी गौरीनगर सम्म बाटो स्तरउन्नती र दलित सांस्कृतिक संग्राहलय मर्मत कार्यको लागत अनुमान तयार गर्दा ३०% थप गरी तयार गर्ने सो बाट अपुग रकम नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने ।

३२. चालु आ.व.को बर्षायाममा नगरपालिकाको अत्यावश्यक विभिन्न स्थानमा आवगमनलाई सहज गर्नका लागि प्राविधिक लागत अनुमान रु नौ लाख पचास हजार बराबरको ग्राभेल कार्य गरिएकोमा उक्त रकम नगरपालिकाको भैरपी आउने पुँजिगत शिर्षकबाट भुक्तानी दिने ।

३३. ट्राफिक प्रहरी परिसर भित्र कर्भड मर्मत/ निर्माणका लागि रु.३,००,०३५।– बिनियोजन भएकोमा थप रु.२,००,०००।– भैपरी आउने पुँजिगत शीर्षकबाट थप गरी आगामी नगरसभाबाट अनुमोदन गराउने ।

३४. मिति २०८१/०४/२० को कार्यपालिका निर्णय नं. ६ बमोजिम विपदजन्य कार्यमा जे.सि.बि. प्रयोगबाट मासिकरुपमा जिल्ला दररेट भन्दा बढी नहुने गरी भुक्तानी दिने सम्बन्धी निर्णय भएकोमा इन्धन, जनशक्ति समेतको प्राबिधिकको दर विश्लेषणका आधारमा हुन आउने प्रति घण्टा दर रु.२४२२।-(मु.अ.कर समेत) का आधारमा दर कायम गरी भुक्तानी गर्ने ।

३५. गत आ.ब. २०८०/०८१ मा वडा नं. ११ को प्रशासनिक खर्च तर्फ अपुग रकम रु.१,१०,०००।– चालु आ..ब को भुक्तानी दिन बाँकी दायित्व तर्फबाट भुक्तानी गर्ने ।

३६. यस नगरपालिका अन्तर्गत स्वास्थ्य शाखामा जनस्वास्थ्य निरीक्षक पदमा कार्यरत श्री अनिल सेन ठकुरीले व्यवसाय गर्न अनुमतिका लागि यस कार्यालयमा निवेदन पेश गरेकोमा निजलाई निजामती सेवा ऐनको दफा ४८ एवं नियमावलीको नियम ११७ बमोजिम हुने गरी स्वीकृति प्रदान गर्ने ।

३७. कोहलपुर नगर अस्पताल विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८० को परिच्छेद ३ को नियम ६(ङ) संसोधन गरी देहाय बमोजिमको सदस्यहरु मनोनित गर्ने

१. कोहलपुर नगरपालिका वडा नं ११ सुना नेपाली
२. कोहलपुर नगरपालिका वडा नं १० धुब्रराज बुढाक्षेत्री
३. कोहलपुर नगरपालिका वडा नं १ खगेन्द्र बहादुर शाही

भान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४७, २०७९-२०८४
मिति २०८१/०६/१४ को
निर्णय प्रमाणित ..............

३८. आ.ब. २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत शिक्षा तथा खेलकुद नीति र शैक्षिक योजना निर्माण सम्बन्धको यस कार्यालयसँग भएको सम्झौता बमोजिम काठमाडौं विश्वविद्यालयबाट शिक्षा तथा खेलकुद नीति, २०८१ र कोहलपुर नगरपालिकाको शिक्षा योजनाको मस्यौदा प्राप्त भएकोले उक्त मस्यौदाहरुलाई स्वीकार गरी सम्झौता बमोजिमको रकम काठमाडौं विश्वविद्यालय, स्कुल अफ एजुकेशनलाई गत आ.ब. को भुक्तानी दिन बाँकी दायित्व तर्फबाट भुक्तानी दिने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत